# समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी

## माटो परिक्षण शिविर सञ्चालनका लागि सिलबन्दी दरभाउ पत्र तथा प्रस्तावना

Terms of Reference (TOR)

**परिचय :**

कोईका नेपालको आर्थिक सहयोग तथा गुड नेवर्स इन्टरनेशनल नेपालको प्राविधिक सहयोगमा सहमतिद्वारा  सञ्चालित नवलपरासी बर्दघाट सुस्तापूर्व-पश्चिम का १३ वडाहरु (मध्यविन्दु न.पा ६, ७, ८ र ९,सुस्ता गा.पा २ र ३, प्रतापपुर गा.पा ६ र ८, सरावल गा.पा ७, पाल्हिनन्दन गा.पा ६ र सुनवल न. पा २, ५ र ९)मा कृषकहरुको आयश्रोतबृद्धि गरी जीवन स्तर सुधार ल्याउनका निम्ति जुलाई २०१९ देखि समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी अर्न्तगत २६ वटा स्थानीयद्वारा पहल गरिएको परियोजनाहरु संचालन भईरहेको छ । स्थानियद्धारा पहल गरिएको परियोजनाहरु मूख्यतय चार वटा क्षेत्रहरु (व्यवसायिक कृषि उत्पादन, व्यवसायिक पशुजन्य उत्पादन, आर्थिक तथा भौतिक पूर्वधार विकास र युवा तथा महिला सीप विकास) मा केन्द्रित रहेका छन् ।

व्यवसायिक तरकारी, अन्नवाली उत्पादन तथा केरा खेति गर्ने कृषकहरुको जग्गाको माटो परिक्षण गरि प्राबिधिक ज्ञान हस्तान्तरण गर्ने कार्यक्रम रहेकाले उक्त कार्यका लागि आवश्यक पर्ने जनशक्ति, परिक्षण किट र सामाग्रीहरु खरिद गर्नु पर्ने भएकोले TOR मा उल्लेखित शर्त अनुसार सामाग्री आपूर्ति गर्न वा माटो परिक्षण गर्न इजाजत प्राप्त ईच्छुक स्थानीय/राष्ट्रिय कम्पनी, फर्म तथा आपूर्तिकर्ताबाट सिलबन्दी दरभाउ पत्र तथा प्रस्तावना पेश गर्नको लागि आह्वान गरिन्छ ।

**शर्तहरु :**

१. नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक संस्था यो बोलपत्र तथा प्रस्तावनाको लागि योग्य हुनेछ ।
२. अनुसूचीमा भएको कार्यका लागि परिचालित जनशक्तिको विवरण तथा आवश्यक किट र सामाग्रीहरुको विस्तृत विवरण खुलाई प्रति इकाई दररेट पेश गर्नुपर्ने छ ।
३. अनुसूचीहरूमा उल्लेख गरिएको माटो परिक्षण गर्दा लाग्ने सामाग्रीको विस्तृत विवरण र गुणस्तरको आधारमा प्रतिइकाई दररेट पेश गर्नुपर्ने हुन्छ ।
४. आपूर्तिकर्ताले उल्लेखित परियोजना कार्यक्षेत्र (मध्यबिन्दु नगरपालिका वडा नं.६, ८, ९ र सुस्ता गाँउपालिका वडा नं. २ र ३ मा माटो परिक्षण सेवा दिन लाग्ने लागत खर्च दरभाउ खुलाई स्पष्ट उल्लेख गर्नु पर्ने छ ।
५. कम्पनी/फर्म/ल्याव/अधिकृत बिकेताले बोलपत्र तथा प्रस्तवना आह्वानको सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र बोलपत्र तथा प्रस्तावना पेश गर्नु पर्ने छ । म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र तथा प्रस्तवनाका उपर कुनै कार्वाही हुने छैन ।
६. सेवा प्रदायकले परियोजनाको कार्य क्षेत्र मध्ये आफूलाई पायक पर्ने क्षेत्र वा पुरै क्षेत्रमा कोटेशन दिन सक्ने छ तर दर्खास्त दिदा आफूले सेवा दिन चाहेको क्षेत्र स्पष्ट खुलाउनु पर्ने छ ।

७. बोलपत्रदर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै बोलपत्र दर्ता गर्न सकिनेछ ।

८. बोलपत्र कागजातको मूल्यअंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनपर्नेछ केरमेट भएको हुनु हुँदैन । कथंम कदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।

९. आवश्यक परेको खण्डमा, कम्पनी/फर्म/ ल्याव/अधिकृत बिक्रेतालाई प्रस्ताव मन्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

१०. छनौट भएको कम्पनी/फर्म/ ल्याव/अधिकृत बिक्रेतासँग वार्षिक सम्झौता गरिनेछ ।

११. बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ।

१२. नेपाल सरकारले तोकेको माटो परिक्षण मापदण्ड अनुसार माटोको नमूना संकलन सम्बन्धि प्रत्येक उल्लेखित क्षेत्रमा अभिमुखिकरण गर्नुपर्नेछ ।

१३. माटो परिक्षण गर्दा निम्न लिखित तत्वहरुको परिक्षण गर्नुपर्नेछ ।

क) माटोको पि.एच, माटोको बनोट

ख) नाइट्रोजन, फसफोरस, पोटासिइएम, प्राङग्ारिक मात्रा

१४. माटो परिक्षण पश्चात माटो परिक्षण तथा मलखाद सिफारिस प्रतिवेदन प्रत्येक किसानलाई उपलब्ध गराउनु पर्नेछ ।

१५. छनौट भएको कम्पनी/फर्म/ ल्याव/अधिकृत बिक्रेताले माटो परिक्षण पश्चात पाँच वटै क्षेत्रहरुको सिफारिस सहितको एउटा कम्पाइल प्रतिबेदन परियोजना कार्यलयलाई बुझाउनुपर्ने छ ।

१६. दर रेट पेश गर्दा, माटो परिक्षण गर्ने समयमा परिचालन गरिने स्रोत व्यक्तिको संख्या र CV अनिवार्य पेश गर्नु पर्ने छ ।

**पेशगर्नुपर्ने आवश्यककागजातहरू :**

क. विस्तृत र स्पष्ट रूपमा दररेट उल्लेखित अनुसूचीमा उपलब्ध फारम

ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

ग. मूल्य अभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको चुक्ता कर प्रमाणपत्रको प्रतिलिपि

घ. बोलपत्र तथा प्रस्तावना बुझाएको निबेदन

प्रस्तावना तथा बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ ।

उल्लेखित दरभाउपत्र सिलबन्दी खाममा आफूले सेवा दिन चाहेको सामाग्री को नाम **"माटो परिक्षण"** लेखी मिति २०७७/१०/२७ गते तदनुसार 9th Feb 2021 बेलुका ५:०० बजेभित्र समावेशी ग्रामीण विकास परियोजना कार्यालय, शिवालय टोल वर्दघाट ४ नवलपरासी सहमति वा केन्द्रिय कार्यालय, गैंडाकोट ५, नवलपरासी वा गुड नेवर्स इन्टरनेश्नल नेपालको केन्द्रिय कार्यालय एकान्तकुना ललितपुरमा वा हुलाक/कुरियर मार्फत बुझाउन सकिनेछ ।

आवश्यक कार्य तथा सामाग्रीहरुको विवरणसूची- १

| क्र.स. | विवरण | ईकाई | स्पेशिफिकेशन | प्रति ईकाई मूल्यअंकमा कर सहति | प्रति ईकाई मूल्यअक्षरमा कर सहित | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Soil Test Kit Box | १ किट बक्स (५० वटा माटो नमूना टेष्ट गर्ने क्षमताको) | | | | |
| | | | | | | |
| २ | Reporting Charge per Test (including format printing) | Per sample | | | | |
| | Resource person /technician fee | Man day | | | | |
| ३ | Agriculture lime | 1 Kg | | | | |
| ४ | Soil $P^H$ Meter (Digital) (Portable ) | 1 Piece | | | | |

नाम : सप्लायर्सको छाप : हस्ताक्षर : मिति :